# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

**प्रदेश निजामती सेवा एघारौं तहका प्राविधिक पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं १५९/२०८०-०८१** **मितिः-२०८१।०२।११**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नु पर्ने देहायका पदहरुका लागि सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९(१) (क) बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१०।०२।३१ गते र दोब्बर दस्तुर तिरी मिति २०८१।०३।०६ गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट https://psc.sudurpashchim.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र प्रदेश लोक सेवा आयोगको कार्यालय, धनगढीमा बुझाइ सक्नु पर्नेछ । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।यसरी प्राप्त हुन आएका दरखास्तलाई सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ ।

**क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यताहरु**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको ।

२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९(१) (क) बमोजिम छुट्टिएको प्रतिशतमा सोही ऐनको दफा २९ बमोजिम तोकिएको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ ।

**ख) उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनु पर्ने विषयहरु**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, ३३, ३४, ३५, ३६ र ३७ बमोजिम मूल्याङ्कन हुने आधारहरुसँग सम्बन्धित आफुसँग भएका कागजातहरु आफैले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ।

२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

५. दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो ५ (पाँच) बर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयहरुको नाम खुलाउनु पर्नेछ ।

६. हालको पद/तह, श्रेणीमा अध्ययन विदा/असाधारण विदा/गयलकट्टी भएको भए सो विवरण खुलाउनु पर्नेछ ।

७. शैक्षिक योग्यताको प्रमाणपत्र लगायत तालिमको विवरण भरी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६(५) बमोजिम प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

८. आयोगको स्वीकृत दरखास्त फाराममा प्रविष्ट गरेका कागजातहरु पञ्जिका बनाई फाईल साथ पेश गर्नु पर्नेछ।

९. दरखास्त दस्तुर रु.१५०० (एक हजार पाँच सय रुपैंया) बुझाएको बैंक भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

१०. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम हुनेछ ।

११. दरखास्त दस्तुर बुझाउने स्थानः-

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड खाता नं : १०००१००२०००१००००

कार्यालय कोड : २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)

राजश्व शिर्षक नं. : १४२२४

## ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी विवरण

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | तह | पदसंख्या |
|---|---|---|---|---|
| १ | १५/२०८०-८१ | प्रमुख, कृषि, समूहकृत नहुने | एघारौं | १ |

**सम्पर्कः**०९१-५२७६००,**Website:-http://psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com**